आज मिति २०८१ साल कात्तिक २३ गते शुक्रबारका दिन भिमाद नगरपालिका, तनहुँको आर्थिक वर्ष २०८१/०८२ को नगर कार्यपालिकाको छैठौं बैठक नगर प्रमुख श्री दधिराज सुवेदीज्यूको अध्यक्षतामा तपसिल अनुसारको उपस्थितिमा वसि देहाय वमोजिम निर्णय गरियो ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| | श्री दधिराज सुवेदी | अध्यक्ष | प्रमुख |
| | श्री शारदा खनाल | सदस्य | उप-प्रमुख |
| | श्री दिपक आले | सदस्य | वडा अध्यक्ष १ |
| | श्री दिनेश कुमार थापा | सदस्य | वडा अध्यक्ष २ |
| | श्री पदमराज सेन ठकुरी | सदस्य | वडा अध्यक्ष ३ |
| | श्री रामकृष्ण राना | सदस्य | वडा अध्यक्ष ४ |
| | श्री पदम बहादुर थापा | सदस्य | वडा अध्यक्ष ५ |
| | श्री श्याम सुन्दर जोशी | सदस्य | वडा अध्यक्ष ६ |
| | श्री प्रकाश श्रेष्ठ | सदस्य | वडा अध्यक्ष ७ |
| | श्री अण बहादुर शाही | सदस्य | वडा अध्यक्ष ८ |
| | श्री रन बहादुर थापा | सदस्य | वडा अध्यक्ष ९ |
| स्यानी | श्री स्यानी माया थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री उमा कुमाल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री इन्दिरा खडका थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री दमन्ती कुमारी शाही | सदस्य | कार्यपालिका सदस्य |
| | श्री ओम कुमारी थापा | सदस्य | कार्यपालिका सदस्य |
| | श्री विर बहादुर वस्याल | सदस्य | कार्यपालिका सदस्य |
| | श्री सन्दिप नगर्ची | सदस्य | कार्यपालिका सदस्य |
| | श्री संगिता विक | सदस्य | कार्यपालिका सदस्य |
| | श्री कमलप्रसाद पुन | सदस्य सचिव | प्रमुख प्रशासकीय अधिकृत |
| आमन्त्रित उपस्थिति | | | |
| | श्री अर्जुन प्रसाद पौडेल | | लेखा अधिकृत |
| | श्री टेकावती ढकाल | | अधिकृत आठौं |
| | श्री ऋषिभक्त वाग्ले | | अधिकृत आठौं |

हरि पराजुली

निर्णय प्रमाणित

आर्थिक वर्ष २०८१/०८२ को छैठौं नगर कार्यपालिका बैठकको एजेन्डा तथा निर्णयहरु (२०८१/०७/२३)

१. मुख्यमन्त्री नव प्रवर्द्धनात्मक साझेदारी कार्यक्रमको लागि रकम विनियोजन सम्बन्धमा ।
२. साझेदारीमा डेरी सहितको साइलेज उद्योग संचालन कार्यविधी, २०८१ सम्बन्धमा ।
३. खर्चको मापदण्ड २०७६ पुनर्लेखन सम्बन्धमा ।
४. भिमाद नगरपालिकाको अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्र वितरण सम्बन्धी कार्यविधि,२०७७ संशोधन सम्बन्धमा ।
५. विविध ।

निर्णय नं. १

प्रस्ताव नं.१ माथि छलफल गर्दा आ.व.०८१/८२ मा मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तरगत डेरी सहितको साइलेज उद्योग स्थापना परियोजना सञ्चालनका लागि गण्डकी प्रदेश सरकारवाट रु १,००,००,०००।- (अक्षरेपी एक करोड) प्रस्ताव स्वीकृत भई मिति २०८१/०५/३० गते परियोजना सम्झौता भएकोमा कार्यक्रम सञ्चालन गर्नका लागि नगरपालिकाको तर्फवाट राख्नु पर्ने ३० प्रतिशत लागत सहभागिताको रकम नगर विकास योजनाको कृषि कार्यक्रम तर्फको सि.नं.२ को स्टार्ट अप भिमाद कृषि परियोजना कार्यक्रम अन्तरगत नयाँ उत्पादन केन्द्र स्थापना शिर्षकवाट रु.१०,००,०००/-(दश लाख), पशु विकास कार्यक्रमको सि.नं.१९ को दुग्ध उत्पादक समूह वा सहकारी सँगको सहकार्यमा साइलेज मेशिन वितरण ५०% अनुदान शिर्षकवाट रु.१२,५०,०००/-(वाह्र लाख पचास हजार) र नपुग हुने रकम सि.नं.१५१ नगर कार्यपालिकाको निर्णय अनुसार सडक, सिंचाई तथा अन्य भौतिक पूर्वाधार निर्माण मर्मत सुधार शिर्षकवाट खर्च गर्ने र आगामी नगरसभावाट अनुमोदन गर्ने गरी रकमान्तर गर्ने निर्णय गरियो

निर्णय नं. २

प्रस्ताव नं.२ माथि छलफल गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद गण्डकी प्रदेश नव प्रवर्तन साझेदारी कार्यक्रम संचालनको डेरी सहितको साइलेज उद्योग कार्यक्रम संचालन कार्यक्रम सम्बन्धी कार्यविधी निर्माण गर्न सम्बन्धित शाखालाई सैद्धान्तिक सहमति दिने निर्णय गरियो ।

निर्णय नं.३

प्रस्ताव नं.३ माथि छलफल गर्दा भिमाद नगरपालिकाको खर्चको मापदण्ड २०७६ लाई समय सापेक्ष वनाउन उक्त मापदण्ड पुनर्लेखन गर्न सम्बन्धित शाखालाई सैद्धान्तिक सहमति दिने निर्णय गरियो ।

निर्णय नं.४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा भिमाद नगरपालिकाको अपाङ्ग भएका व्यक्तिहरुको परिचय पत्र वितरण सम्बन्धी कार्यविधी, २०७७ लाई संशोधन गर्न सम्बन्धित शाखालाई सहमति दिने निर्णय गरियो ।

निर्णय नं.५

प्रस्ताव नं.५ माथि छलफल गर्दा भिमाद नगरपालिका वडा नं.३ पिपलभञ्ज्याङ्ग आधारभूत स्वास्थ्य सेवा केन्द्र मिति २०७७/०२/२२ मा स्थापना भई संचालनमा रहेको सो स्वास्थ्य केन्द्रवाट भिमाद नगरपालिका वडा नं.३ अलवा वडा नं.५ र घिरिङ्ग गाउँपालिकाका सेवाग्राहीहरुलाई समेत सेवा प्रदान गरिरहेको र हाल सम्म आफ्नै भवन नभएकाले सेवा दिन असुविदा भएकाले सो भवन निर्माणका लागि जग्गा समेत व्यवस्थापन भई सकेकोले भवन निर्माण गर्नका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो ।

निर्णय नं.६

प्रस्ताव नं.५ उपर छलफल गर्दा भिमाद नगरपालिकामा देहाय अनुसार कार्यक्रमहरु संचालनको लागि विभिन्न निवेदनहरु प्राप्त भएकोले भिमाद नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत नगर विकास योजनाको देहायको शीर्षकवाट देहाय अनुसार रकम विनियोजन गरी भूक्तानी गर्ने निर्णय गरियो ।

| क्र.सं. | नाम | ठेगाना | रकम माग गर्नुपर्ने कारण | प्राविधिक लागत अनुमान | विनियोजन रकम | शीर्षक नं. र नाम |
|---|---|---|---|---|---|---|
| १. | कोटथर टिमुरवोटे खानेपानी तथा सरसफाई योजना | भिमाद-१ | पाइप लाइन क्षति भएको | रु.२१४०००/- | २१४०००/- | सि.नं.१५१ नगरकार्यपालिकाको निर्णयानुसार सडक, सिंचाई तथा अन्य भौतिक पूर्वाधार निर्माण मर्मत सुधार एंव गत आ.वको भुक्तानी बाँकी योजनाहरु समेत |
| २. | कोटवाराही मन्दिर लिफ्टिङ खानेपानी योजना | भिमाद-२ | रकम अपुग | रु.९६३१६८/- | वडा नं.२ को सि.नं.२६ वाट रु ४०००००/- विनियोजन भएकोले नपुग रु.४०००००/- | |
| ३. | दिर्घ सिं थापा | भिमाद-९ | कट्टी कुलो मर्मत | रु.२१०००/- | २१०००/- | |
| ४. | सिक्दि खानेपानी योजना | भिमाद-३ | पाइप अपुग | रु.४७६९६/- | २१७००/- | सि.नं.१४६ अन्य खानेपानी योजनाहरु (पाइप खरिद तथा वितरण समेत) |
| ५. | बाहुन्दी खानेपानी योजना | भिमाद-४ | पाइप वगाएको | रु.४७६४१ | ४२०००/- | |
| ६. | छरछरे सेरकुना ऋषिङपाटन खानेपानी तथा सरसफाई योजना | भिमाद-५ | पाइप वगाएको | ४५०००/- | ४५०००/- | |
| ७. | हिमालय मा.वि.खानेपानी पाइप व्यवस्थापन | भिमाद-८ | मर्मत गर्न पाइप आवश्यक भएको | १९५०२/- | १९५००/- | |
| ८. | भिमाद मुस्लिम समाज | भिमाद-६ | शुभकामना आदान प्रदान कार्यक्रम | रु.४००००/- | २५०००/- | सि.नं.१०८ विविध कार्यक्रम खर्च |

निर्णय नं.७

प्रस्ताव नं.५ उपर छलफल गर्दा भिमाद नगरपालिका वडा नं. ५ बस्ने निर्मला शर्माले आफ्नो नाउँमा जग्गा धनी कायम रहेको ऐ. ऐ. मा अवस्थित कित्ता नं.२५१ क्षेत्रफल ८-९-१-२ को जग्गामा वाङ्टाङखोलाको कारण पहिरो जग्गाको क्षति भएको हुँदा उक्त जग्गाले ओगट्ने क्षेत्रमा आफ्नै निजि जग्गाको खनिज पद्धार्थ जम्मा भई बसेको उक्त प उत्खनन् गर्नुपर्ने भएकोले प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारीको लागि प्रस्तावक जग्गा धनी निर्मला श अनुमति प्राप्त राजेन्द गैरेले पेस गरेको कार्यगत सर्त ( TOR) स्वीकृत गरी नगरपालिकाले सूचिकृत गरेको परामर्शदात प्रारम्भिक वातावरणीय परिक्षण (IEE) सम्बन्धी प्रक्रिया अगाडी बढाउन अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.८

प्रस्ताव नं.५ उपर छलफल गर्दा भिमाद नगरपालिका वडा नं ७ निवासी श्री लक्ष्मीकान्त भण्डारीको आफ्नो नाउँमा श्रेष्ता रहेको ऐ.ऐ. को नक्सा नं. २ /क कित्ता नं. ९७ क्षेत्रफल १-९-०-० जग्गा सम्माई आवासिय बनाउनको उत्खखन् गर्नुपर्ने भएकोले सोको लागि प्रारम्भिक वातावरणीय प्रतिवेदन तयारीको लागि जग्गा धनीको अख्तियार पास नि सरोदर छोरा राजन भण्डारीले पेस गरेको कार्यगत सर्त ( TOR) स्वीकृत गरी नगरपालिकाले सूचिकृत गरेको परामर्शदाता प्रारम्भिक वातावरणीय परिक्षण (IEE) सम्बन्धी प्रक्रिया अगाडी बढाउन अनुमति प्रदान गर्ने निर्णय गरियो ।